# सिभिल बैंक लिमिटेड

## पूँजी योजना सम्बन्धमा

यस सिभिल बैंक लिमिटेडको संचालक समितिको मिति २०७२।५।२४ मा बसेको बैठक नं. १७२ को निर्णयानुसार नेपाल राष्ट्र बैंकको आ. व. २०७२/०७३ को मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकबाट मिति २०७२/०४/२१ मा जारी भएको बैं.वि.नि.वि./नीति/परिपत्र/कखग/२/०७२/७३ को बुँदा नं. २ मा उल्लेख भए बमोजिम सम्वत् २०७४ असार मसान्तभित्र न्यूनतम चुक्ता पूँजी रु. ८०० करोड पुऱ्याई बैंकलाई पूँजीगत आधारमा सुदृढ गर्न देहाय बमोजिमको पूँजी योजना नेपाल राष्ट्र बैंकमा पेश गरेको व्यहोरा नेपाल राष्ट्र बैंकबाट मिति २०७२।०६।०७ मा जारी बैं.वि.नि.वि./नीति/परिपत्र/कखग/४/०७२/७३ को निर्देशन बमोजिम सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१. सम्वत् २०७३ असार मसान्तसम्ममा देहाय बमोजिम गरी बैंकको चुक्ता पूँजी रु. ५०० करोड देखि रु. ६०० करोडसम्म पुऱ्याउने :**

(क) आ. व. २०७१/०७२ को मुनाफाबाट बोनश शेयर प्रदान गर्ने।

(ख) आ. व. २०७२/०७३ भित्रै ३ देखि ४ वटासम्म राष्ट्रिय स्तर तथा क्षेत्रीय स्तरका "ख" वर्गका विकास बैंक तथा "ग" वर्गको वित्त कम्पनीलाई बैंकमा गाभेर रु. २५० करोड देखि रु. ३०० करोडको हाराहारीमा पूँजी थप गर्ने।

**२. सम्वत् २०७४ असार मसान्तसम्ममा देहाय बमोजिम गरी बैंकको चुक्ता पूँजी रु. ८०० करोड पुऱ्याउने :**

(क) आ. व. २०७२/०७३ को मुनाफाबाट बोनश शेयर प्रदान गर्ने।

(ख) चुक्ता पूँजीको ५ देखि १० % सम्मको हकप्रद शेयर जारी गर्ने।

(ग) ३ देखि ४ वटासम्म राष्ट्रिय स्तर तथा क्षेत्रीय स्तरका "ख" वर्गका विकास बैंक तथा "ग" वर्गको वित्त कम्पनीलाई बैंकमा गाभेर रु. १५० करोड देखि रु २०० करोडको हाराहारीमा पूँजी थप गर्ने।

(घ) आ. व. २०७३/०७४ को मुनाफाबाट बोनश शेयर प्रदान गर्ने।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank

Classic Complex, Kamaladi,
Kathmandu - 31, P.O. Box: 9799
Phone number: 4169030, 4169031, Fax No. 4169038
Email: info@civilbank.com.np,
Web site:www.civilbank.com.np